नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं भदौ २ गते, २०७१ साल (संख्या १६

भाग ५

व्यवस्थापिका-संसद सचिवालयको सूचना

व्यवस्थापिका-संसदको मिति २०७१।४।१४ को बैठकबाट देहायको विधेयक संविधानसभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० को नियम ६१ को उपनियम (२) को खण्ड (ख) बमोजिम विधेयकलाई जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएकोले सोही नियमावलीको नियम ६३ को प्रयोजनको निमित्त यो सूचना प्रकाशन गरिएको छ। उक्त विधेयक उपर राय सुझाव दिन इच्छुक सर्वसाधारणले सूचना प्रकाशन भएको मितिले तीस दिन भित्र यो सूचनाको अन्तिम पृष्ठमा उल्लिखित ठेगानामा कुनै पनि माध्यमबाट आ-आफ्नो राय सुझाव पठाउनुहुन समेत यसै सूचनाद्वारा आह्वान गरिन्छ।

अदालतको अपहेलना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: न्याय सम्पादनको कार्यलाई स्वच्छ, निष्पक्ष तथा प्रभावकारी बनाई अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गराउन र अदालतको

२०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मर्यादामा आँच पुऱ्याउने कार्यलाई नियन्त्रण गर्न अदालतको अपहेलना सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

परिच्छेद- १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अदालतको अपहेलना सम्बन्धी ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०१ बमोजिमको सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम अपहेलनामा कारबाही चलाउन र सजाय गर्न पाउने अधिकारप्राप्त अदालत वा न्यायिक निकाय समेतलाई जनाउँछ ।

(ख) "अदालतको अपहेलना" भन्नाले दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ग) "इजलास" भन्नाले मुद्दाको कारबाही र किनारा गर्नको लागि अदालतले तोकेको न्यायाधीशको इजलास सम्झनु पर्छ ।

(घ) "न्यायाधीश" भन्नाले मुद्दाको कारबाही र किनारा गर्न प्रचलित कानून बमोजिम नियुक्त न्यायाधीश सम्झनु पर्छ र सो शब्दले अदालतमा दायर रहेको मुद्दा हेर्ने अधिकारी समेतलाई जनाउँछ ।

207

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "प्रकाशन" भन्नाले छापा, विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक रूपमा प्रकाशन वा प्रसारण भएको पाठ्य, श्रव्य, दृश्य तथा श्रव्यदृश्य सामग्री सम्झनु पर्छ ।

(च) "मुद्दा" भन्नाले अदालतको अपहेलनाको सम्बन्धमा अदालतमा दायर भएको मुद्दा सम्झनु पर्छ ।

परिच्छेद- २

अदालतको अपहेलना सम्बन्धी

३. **अदालतको अपहेलनामा कारबाही चलाउन सक्ने:** अदालतले आफ्नो र आफ्नो मातहतका अदालत तथा न्यायिक निकायको अपहेलनामा कारबाही चलाउन र सजाय गर्न सक्नेछ ।

४. **अदालतको अपहेलना गरेको मानिने:** कसैले देहायको कुनै कार्य गरे वा गराएमा वा सो गर्न दुरुत्साहन दिएमा अदालतको अपहेलना गरेको मानिनेछः-

(क) अदालतको न्याय सम्पादनको कार्यमा अवरोध पुऱ्याउने वा अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिने वा त्यस्तो निर्णय वा आदेशको कार्यान्वयन जानाजान अवज्ञा गर्ने, ढिलासुस्ती गर्ने वा गराउने बदनियतले कुनै कार्य गर्ने,

(ख) अदालतमा विचाराधीन रहेको मुद्दाको काम, कारबाही वा निर्णयमा अनुचित प्रभाव पार्ने, अदालत प्रतिको जनआस्थामा आँच पुऱ्याउने, अदालतको न्यायिक काम कारबाही प्रति सर्वसाधारणमा भ्रम उत्पन्न गराउने वा त्यस्तै प्रकृतिका भ्रमपूर्ण वा झुट्टा विवरण प्रकाशन गर्ने तथा विचार अभिव्यक्त गर्ने,

२०६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

(ग) न्याय सम्पादनमा संलग्न न्यायाधीशलाई मुद्दाको पक्ष आफैले वा निजको तर्फबाट अरु कसैले गाली, बेइज्जती, हातपात वा कुटी पट वा अन्य कुनै किसिमले अपमानजनक व्यवहार गर्ने,

(घ) अदालत वा न्यायाधीशबाट भएको निर्णय, आदेश वा अन्य कुनै कार्यलाई लक्षित गरी कुनै भ्रमपूर्ण वा अपमानजनक आरोप वा लाञ्छना लगाउने,

(ङ) अदालतको न्यायिक काम कारबाहीका क्रममा अदालतसँग गरेको शर्त, कबुलियत वा प्रतिबद्धता मनासिव कारण बिना जानी जानी पूरा नगर्ने,

(च) अदालतका कुनै कर्मचारी, कानून व्यवसायी, मुद्दाको पक्ष वा साक्षीलाई इजलास समक्ष गाली, बेइज्जती, हातपात, कुटपिट वा अन्य कुनै किसिमले अपमानजनक व्यवहार गर्ने,

(छ) अदालतको अनुमति बिना बन्द इजलासमा प्रवेश गर्ने,

(ज) अदालतले प्रकाशन गर्न निषेध गरेको मुद्दाको कारबाही र विवरण प्रकाशन गर्ने,

(झ) अदालतको अनुमति बिना इजलास वा इजलासमा कार्यरत न्यायाधीशको काम कारबाहीको श्रव्य, दृश्य वा श्रव्यदृश्य सामग्रीको रेकर्ड गर्ने ।

५. <u>अपहेलना गरेको नमानिने:</u> दफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कार्य गरेमा अदालतको अपहेलना गरेको मानिने छैन:-

(क) अदालतबाट भएको काम, कारबाही, आदेश वा निर्णयमा चित्त नबुझी कानूनी उपचार प्राप्त गर्ने उद्देश्यले आफ्नो जिकिर राख्ने वा पुनरावेदन सुन्ने निकाय वा अधिकारी समक्ष दायर गरेको निवेदन वा

206

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

पुनरावेदनमा त्यस्तो काम, कारबाही, आदेश वा निर्णय विरुद्ध शिष्ट तथा स्वस्थ्य भाषामा टिका टिप्पणी वा आलोचना गर्ने,

(ख) अदालतलाई सहयोग पुऱ्याउने उद्देश्यले अदालतमा विचाराधीन रहेको कुनै मुद्दाको सत्य तथ्य प्रकाशमा ल्याउने, प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने विवरण बाहेक खुला इजलासबाट भएको कुनै मुद्दाको काम, कारबाही वा निर्णयको यथार्थ विवरण प्रकाशन गर्ने वा अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तको विश्लेषण, विवेचना वा तुलनात्मक अध्ययन गरी शिष्ट भाषामा मन्तव्य व्यक्त गर्ने वा तत्सम्बन्धी सामग्री असल नियतले प्रकाशन गर्ने,

(ग) न्यायाधीशको चरित्र वा आचरणको विषयमा उठेको विवाद वा मुद्दामा त्यस्तो न्यायाधीशको चरित्र वा आचरणको बारेमा साक्षी वा सरजमिनका व्यक्तिले राय व्यक्त गर्ने वा शिष्ट भाषामा कानून व्यवसायीले बहस पैरवी गर्ने,

(घ) कुनै न्यायाधीश विरुद्धको आरोपमा अनुसन्धान तथा तहकिकात गर्ने वा कानूनी कारबाही चलाउने,

(ङ) न्याय सम्पादनसँग सम्बद्ध काम कारबाही बाहेक न्यायाधीशले सम्पादन गरेको अन्य काम कारबाहीको बारेमा मन्तव्य व्यक्त वा प्रकाशन गर्ने,

(च) न्यायाधीशले आचारसंहिता उल्लङ्घन गरेको कुराको प्रमाण सहित शिष्ट भाषामा मन्तव्य व्यक्त वा प्रकाशन गर्ने,

(छ) समसामयिक रुपमा उठेको कानूनी प्रश्नमा वा न्यायाधीशले फैसलामा प्रासङ्गिक कथन वा निर्देशनात्मक आदेश दिँदा व्यक्त गरेको राय वा

२०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारणामा शैक्षिक वा प्राज्ञिक उद्देश्यले शिष्ट भाषामा कुनै धारणा, दृष्टिकोण वा मन्तव्य प्रकट गर्ने,

(ज) एकै कानूनी प्रश्नमा अदालतबाट जारी भएको भिन्नभिन्न प्रकारको आदेशको कार्यान्वयनको सन्दर्भमा उत्पन्न कठिनाइको समाधान गर्ने उद्देश्यले लेखापढी वा बुझ बुझारथ गर्ने,

(झ) न्यायाधीशको पदमा नियुक्ति गर्ने प्रक्रियाको क्रममा तथ्ययुक्त जानकारी दिने र सामग्री प्रकाशन गर्ने वा मन्तव्य व्यक्त गर्ने ।

(ञ) कुनै मुद्दा अदालतमा विचाराधीन छ भन्ने कुरा जानकारी नहुने मनासिब कारण भएको वा कुनै मुद्दा अदालतमा विचाराधीन नरहेको अवस्थामा कुनै विचार अभिव्यक्त गर्ने वा कुनै विवरण प्रकाशन गर्ने ।

६. **न्यायाधीशबाट अदालतको अपहेलना भएमा कारबाही हुने:** न्यायाधीशबाट अदालतको अपहेलना हुने कुनै कार्य भएमा निजलाई समेत यस ऐन बमोजिम कारबाही र सजाय हुनेछ ।

परिच्छेद- ३

मुद्दाको कारबाही र किनारा सम्बन्धी

७. **निवेदन दिन सक्ने:** (१) कसैले अदालतको कुनै निर्णय वा आदेश कार्यान्वयन हुन नदिएको, त्यस्तो निर्णय वा आदेशको कार्यान्वयनमा जानाजान अवज्ञा वा ढिलासुस्ती गरेको वा अदालतको न्यायिक काम कारबाहीका क्रममा अदालत समक्ष गरेको शर्त, कबुलियत वा प्रतिबद्धता जानी जानी पूरा नगरेबाट कसैलाई मर्का पर्न गएमा सो मर्का पर्ने व्यक्तिले अदालतको अपहेलनामा कारबाही चलाउन सम्बन्धित अदालत समक्ष निवेदन दिन सक्नेछ ।

२०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा अदालतको अवहेलनामा कारबाही चलाउन जोसुकैले सम्बन्धित अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै न्यायाधीश विरुद्ध अदालतको अपहेलनामा कारबाही चलाउन निवेदन दिँदा सर्वोच्च अदालतका न्यायाधीशको हकमा सोही अदालतमा र अन्य अदालतको न्यायाधीशको हकमा त्यस्तो न्यायाधीश बहाल रहेको अदालतको पुनरावेदन सुन्ने अदालतमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम निवेदन दिने व्यक्तिले अदालतको अपहेलनामा कारबाही चलाउनु पर्ने आधार, कारण तथा तत्सम्बन्धी प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतको अपहेलनामा कारबाही चलाउन निवेदन दिँदा कुनै दस्तुर लाग्ने छैन ।

८. **पर्चा खडा गरी कारबाही चलाउन सक्ने:** (१) दफा ७ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सम्बन्धित न्यायाधीशले पर्चा खडा गरी सम्बद्ध व्यक्ति उपर तत्काल अदालतको अपहेलनामा कारबाही चलाउन आदेश दिन सक्नेछ:-

(क) इजलासमा कसैको काम, कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको सम्बन्धमा न्यायाधीश स्वंयले जानकारी लिएमा,

(ख) इजलासमा कसैको काम, कारबाही वा क्रियाकलापबाट अदालतको अपहेलना भएको भनी न्यायाधीशलाई ध्यानाकर्षण गराइएको विषयमा न्यायाधीश सन्तुष्ट भएमा,

२१०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

(ग) अदालतमा रहेका मिसिलमा संलग्न कागजातमा उल्लिखित व्यहोराबाट अदालतको अपहेलना भएको विषय न्यायाधीशको जानकारीमा आएमा ।

(२) उपदफा (१) बमोजिम आदेश जारी भएकोमा अदालतले सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई प्रस्तुत गर्ने मौका दिई निजको बयान अभिलेख गराई राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बयान लिने काम नसकिएसम्म न्यायाधीशले तत्काल इजलासमा सुनुवाई चलिरहेको मुद्दाको कारबाही स्थगन गर्न सक्नेछ ।

९. **म्याद तामेल गर्ने** : (१) अदालतले दफा ७ बमोजिम प्राप्त निवेदनको आधारमा वा दफा ८ बमोजिम पर्चा खडा गरी अपहेलनामा कारबाही चलाउँदा अदालतमा उपस्थित नभएका प्रतिवादीको नाउँमा प्रतिउत्तरपत्र पेश गर्न सात दिने म्याद जारी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद जारी गर्दा प्राप्त निवेदन, अपहेलना सम्बन्धमा खडा गरिएको पर्चा तथा सो सम्बन्धमा भएको आदेशको प्रतिलिपि समेत प्रतिवादीलाई उपलब्ध गराउनु पर्नेछ ।

१०. **प्रतिउत्तरपत्र पेश गर्नु पर्ने** : प्रतिवादीले बाटोको म्याद बाहेक दफा ९ बमोजिम जारी भएको म्यादभित्र आफैं वा वारेस मार्फत अदालतमा प्रतिउत्तरपत्र पेश गर्नु पर्नेछ ।

तर अदालतबाट प्रतिवादी नै उपस्थित हुनु पर्ने गरी आदेश भएकोमा प्रतिवादी आफैं उपस्थित भई प्रतिउतरपत्र पेश गर्नु पर्नेछ ।

११. **तारेख वा हिरासतमा राखी मुद्दाको कारबाही गर्ने** : (१) दफा ८ को उपदफा (२) बमोजिम प्रतिवादीको वयानको काम समाप्त भएको वा दफा १० बमोजिम प्रतिवादीले प्रतिउतर पेश गरेको दिनमा मुद्दाको निर्णय हुन नसकेमा अदालतले

२११
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

प्रतिवादीलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रतिवादी भागी बेपत्ता हुने सम्भावना भएको कुरामा विश्वास गर्नु पर्ने मनासिव आधार र कारण भएमा अदालतले निजलाई हिरासतमा राखी मुद्दाको पुर्पक्ष गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको तारिखको दिन प्रतिवादी अदालतमा हाजिर नभएमा निजले तारेख गुजारेको मानिनेछ ।

तर, काबू बाहिरको परिस्थितिले गर्दा गुज्रेको तारिख थामी पाउन प्रतिवादीले अदालतमा निवेदन दिएमा र सो निवेदनको व्यहोरा जाँचबुझ गर्दा मनासिब देखिएमा अदालतले एक पटकको लागि सात दिनसम्मको गुज्रेको तारिख थामिदिन सक्नेछ ।

१२. **फैसला गर्नु पर्ने** : (१) दफा ८ को उपदफा (२) बमोजिम बयान लिने काम सम्पन्न भएपछि वा दफा १० बमोजिम प्रतिउत्तरपत्र प्राप्त भएपछि थप प्रमाण बुझ्नु पर्ने अवस्था नदेखिएमा र समयले भ्याएमा न्यायाधीशले सोही दिन मुद्दाको फैसला गर्नु पर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि मुद्दा पेशीमा नचढेको भएपनि यस दफा बमोजिम मुद्दा फैसला गर्न कुनै बाधा पर्ने छैन ।

परिच्छेद-४

सजाय तथा पुनरावेदन सम्बन्धी

१३. **सजाय गर्न सक्ने** : अदालतले आफ्नो र आफ्ना मातहतका अदालत तथा न्यायिक निकायको अपहेलनामा कारबाही चलाएको मुद्दामा कसूरदार ठहरिएको व्यक्तिलाई एक वर्षसम्म

२१२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।

कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय वा अन्य उपयुक्त आदेश गर्न सक्नेछ ।

१४. **क्षमा दिने, सजाय घटाउने, स्थगन वा परिवर्तन गर्ने** : (१) यस ऐन बमोजिम अदालतको अपहेलनामा कारबाही चलाइएको कुनै व्यक्तिले त्यस्तो कार्य जानी जानी गरेको होइन भनी अदालत समक्ष तत्काल क्षमा मागेमा र सो कुरामा न्यायाधीश सन्तुष्ट भएमा न्यायाधीशले निज उपर अपहेलनामा कारबाही नचलाउने आदेश गर्न सक्नेछ ।

(२) प्रतिवादीले मुद्दाको फैसला नहुँदै जुनसुकै अवस्थामा अदालत समक्ष क्षमा माग्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवादीले क्षमा मागेको कुरामा न्यायाधीश सन्तुष्ट भएमा न्यायाधीशले निजलाई दफा १३ बमोजिम सजाय नगरी मुद्दाको कारबाही तामेलीमा राख्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अदालतको अपहेलनामा सजाय पाएको व्यक्तिले अदालतलाई सन्तोष हुने गरी क्षमा माग गरेमा र सो कुरामा अदालत सन्तुष्ट भएमा अदालतले निजलाई तोकेको सजाय कार्यान्वयन नगर्न, घटाउन, परिर्वतन गर्न वा शर्त तोकी त्यस्तो शर्त पूरा गरेमा सजाय कार्यान्वित नगर्ने आदेश गर्न सक्नेछ ।

१५. **सजाय नगरिने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि न्यायपालिका प्रतिको जनआस्था र मर्यादामा तत्काल, स्पष्ट वा गम्भीर रूपमा प्रभाव नपर्ने विषयमा अदालतको अपहेलना वापत सजाय गरिने छैन ।

१६. **पुनरावेदन नलाग्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतको अपहेलना सम्बन्धमा अदालतबाट दफा १४ बमोजिम भएको आदेश विरुद्ध पुनरावेदन लाग्ने छैन

२१३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-५

विविध

१७. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने** : यस ऐन बमोजिम अदालतको अपहेलना मानिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर मानिने रहेछ भने त्यस्तो कानून बमोजिम कारबाही चलाउन र सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

१८. **हदम्याद** : (१) इजलास समक्ष अदालतको अपहेलना भएकोमा तत्कालै अपहेलनामा कारबाही चलाउनु पर्नेछ ।

(२) अदालतमा रहेको कुनै मिसिल संलग्न कागजातबाट अदालतको अपहेलना भएको छ भन्ने कुरामा सो कुराको जानकारी भएको मितिले सात दिनभित्र अपहेलनामा कारबाही चलाउन वा कारबाही चलाउने निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा अदालतको अपहेलना भए गरेको मितिले तीन महिनासम्म थाहा पाएको मितिले पैंतीस दिनभित्र अपहेलनामा कारबाही चलाउन निवेदन दिनु पर्नेछ ।

१९. **अदालतको सहयोगीको लागि अनुरोध गर्न सक्ने** : (१) अदालतमा विचाराधीन रहेको अदालतको अपहेलना सम्बन्धी मुद्दाको कारबाही र किनाराको क्रममा मुद्दाको गम्भीरता र मुद्दाले पार्ने प्रभाव समेतलाई विचार गरी अदालतले नेपाल बार एशोसिएसन वा त्यसको सम्बन्धित इकाईलाई अदालतको सहयोगीको रूपमा कानून व्यवसायी (एमिकश क्यूरी) खटाई दिन अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा नेपाल बार एशोसिएसन वा त्यसको सम्बन्धित इकाईले अदालतको सहयोगीको रूपमा कानून व्यवसायी खटाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) अदालतले आवश्यक देखेमा अदालतको अपहेलना सम्बन्धी मुद्दाको कारबाही र किनाराको क्रममा सरकारी वकीलको सहयोग लिन सक्नेछ ।

२०. **कार्यविधि बनाई लागू गर्न सक्ने** : यस ऐनको कार्यान्वयन गर्न सर्वोच्च अदालतले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

२१. **संशोधन तथा खारेजी** : (१) देहायका ऐनमा देहाय बमोजिम संशोधन गरिएको छः-

(क) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **अपहेलना** : राजस्व न्यायाधिकरणले प्रचलित कानून बमोजिम आफ्नो अपहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।"

(ख) बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ को दफा ३० को सट्टा देहायको दफा ३० राखिएको छः-

"३०. **अपहेलना** : न्यायाधिकरण वा पुनरावेदन न्यायाधिकरणले प्रचलित कानून बमोजिम आफ्नो अपहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।"

(ग) विशेष अदालत ऐन, २०५९ को दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः-

"१४. **अपहेलना** : विशेष अदालतले प्रचलित कानून बमोजिम आफ्नो अपहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।

(घ) संविधान सभा अदालत ऐन, २०६४ को दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छ :-

१६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१२. अपहेलना : अदालतले प्रचलित कानून बमोजिम आफ्नो अपहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।"

(२) देहायका ऐनमा रहेको देहायको दफा खारेज गरिएको छ:-

(क) सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७,

(ख) न्याय प्रशासन ऐन, २०४८ को दफा १८ ।

राय सुझाव पठाउने ठेगाना :

फ्याक्स नम्वर ०१-४२००३६६

ईमेल ठेगाना

billsection@can.gov.np

पत्राचार गर्ने ठेगाना : विधेयक शाखा, व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार, काठमाण्डौं

आज्ञाले,

मनोहरप्रसाद भट्टराई

व्यवस्थापिका-संसदको महासचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौमा मुद्रित । मूल्य रु १०।-
गो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

296

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२१८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२१९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हुनेछ।